

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ ३ गते बुधबार ❑ 17 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## प्रदेशमा बन्ने सबै सरकारी भवन अपाङ्गमैत्री : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशमा अब निर्माण गरिने सरकारी भवन तथा संरचनालाई अपाङ्गमैत्री बनाउन थप कडाइ गरिने बताउनुभएको छ।

पोखरामा मंगलबार साँझ भएको विपद् व्यवस्थापन समिति र सरोकारवालाबीच अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरणसम्बन्धी अन्तरक्रियामा उहाँले भवन निर्माण संहिताको प्रभावकारी कार्यान्वयन गरिने प्रतिबद्धता जनाउनुभयो । मुख्यमन्त्रीले अपाङ्गता भएकाहरूका लागि सहज र सुरक्षित हुने गरी व्यक्तिगत भवन बनाउनुपर्नेमा जोड दिनुभयो । "सार्वजनिक भवन अपाङ्गमैत्री नभएका धेरै गुनासा छन् । मुख्यमन्त्रीकै कार्यालयमा पनि सजिलो छैन । अपाङ्गता भएका साथीहरू आउँदा भेट्नका लागि म तल्लो तलामा झर्ने गर्दछु", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "गण्डकी प्रदेशमा अब बन्ने सरकारी भवन अपाङ्गमैत्री हुन्छन् । सबै सरकारी निकायमा कडाइका साथ लागू गर्छौं ।" मुख्यमन्त्री पाण्डेले विपद्का बेला अपाङ्गता भएकालाई अझ बढी कठिनाइ हुने भएकाले परिवार तथा समुदायले अझ बढी जिम्मेवार भएर विशेष ख्याल गर्नुपर्नेमा जोड दिनुभयो । प्रदेश सरकारले विपद् व्यवस्थापनका लागि सुरक्षा निकायसँग मिलेर काम गरेको बताउनुभयो । मुख्यमन्त्री पाण्डेले प्रदेशमा रु १० करोडको विपद् व्यवस्थापन कोष स्थापना गरिएको र सबै जिल्लामा रु १० लाखको कोष रहेको जानकारी दिनुभयो।

गण्डकी प्रदेशका निर्वतमान मुख्यमन्त्री खगराज अधिकारीले अपाङ्गता भएका नागरिकका लागि सरकार तथा निजी क्षेत्रले सधैँ सहयोग गर्नुपर्ने बताउनुभयो। राष्ट्रियअपाङ्गमहासङ्घगण्डीका अध्यक्ष खोमराज सुवेदीले भवन निर्माण आचारसंहितामा सबैको पहुँचयुक्त संरचना बनाउने भने पनि अनुगमनको अभावमा कार्यान्वयन नभएको बताउनुभयो । उहाँले अपाङ्गता भएका व्यक्तिलाई विपद् तयारीबारे जानकारी दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव तीर्थ भट्टराईले प्रादेशिक अपाङ्गतासम्बन्धी ऐन निर्माणको तयारी भइरहेको र अपाङ्गता ग्राम निर्माण गरिने सरकारको योजना रहेको बताउनुभयो । कार्यक्रममा सहभागीले प्राकृतिक विपत्ति एवं मानवीय क्रियाकलापबाट उत्पन्न हुने जोखिमबारे अझै पर्याप्त ज्ञान तथा सूचनाको अभाव, अधिकांश पुराना कार्यालय अपाङ्गमैत्री नभएको, विपद् जोखिमको पहिचान तथा नक्साङ्कन नहुनु र अपाङ्गता भएका व्यक्तिलाई विकास निर्माण कार्यको मूलप्रवाहीकरणमा समावेश नभएको बताएका थिए।

## जिल्ला समन्वय समिति कास्कीद्वारा फिर्के पूलको अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ



जिल्ला समन्वय समिति कास्कीको अनुगमन टोलिले पोखरा बागलुङ राजमार्ग अन्तर्गत फिर्के खोला माथी निर्माणाधिन पूलको काम २०८१ असार मसान्तसम्म सम्पन्न गर्न निर्देशन दिएको छ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल नेतृत्वको अनुगमन टोलिले उक्त राजमार्ग अन्तर्गत पोखरा महानगर पालिका वडा न दुई,चार र पाँचको सिमानामा पर्ने सो पूलको निर्माण कार्य असार मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निर्माण कम्पनीलाई निर्देशन दिएको हो । सो पूलको निर्माण कार्यमा अत्यन्तै ढिलाइ भएको र जसका कारण अत्याधिक दुर्घटना समेत हुने गरेको जनगुनासो बढेपछि स्थलगत अनुगमन गरेर कामलाई तिब्ररूपमा गुणस्तरीय तवरले सम्पन्न गर्न सम्बन्धित निर्माण कम्पनीलाई निर्देशन दिएको प्रमुख पौडेलले बताउनुभयो । बिकास समयमा गुणस्तरीय तवरले हुनुपर्यो जनताले कुनै गुनासो नगर्ने गरि आयोजनाका काम गर्नुस्, कुनै पनि बहानामा बिकासमा ढिला सुस्ती गर्ने र जनतालाइ दुख दिने काम कुनै हालतमा सह्य हुदैन प्रमुख पौडेलको कथन थियो। पौडेलले बिभागिय कार्यालयहरूले संचालित आयोजनाहरूको मासिक कार्यप्रगती विवरण तयार गर्दै कठिनाइहरूको निराकरणमा घनिभुत तवरले लाग्न अनुरोध गर्नुभयो । पोखरा महानगर वडा न दुइका अध्यक्ष दिवसमान प्रधानाङ्ग,चारका अध्यक्ष देवकृष्ण पराजुली, पाँचका अध्यक्ष बिष्णु बराल र जनप्रतिनिधि, जिल्ला समन्वय अधिकारी नवराज बराल,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखराका ४० जना युवायुवतीलाई धिमे नाच र धिमेबाजा बजाउने तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ



पोखरामा १५ दिनसम्म चलेको धिमेबाजा र धिमे नाच तालीम सम्पन्न भएको छ।

नेवा मिसा पुच कास्कीको आयोजना र पोखरा महानगरपालिका वडा नं.३ को सहयोगमा भएको तालिममा ४० जना नेवा युवायुवतीहरुको सहभागीता रहेको थियो । प्रशिक्षार्थीहरुलाई बिकेश महर्जन र लिजा महर्जनले प्रशिक्षण गराएका थिए। तालिम समापन कार्यक्रममा पोखरा महानगरपालिका वडा न.३ का वडाध्यक्ष प्रकाशमान उदासले संस्कार र संस्कृतिलाई जोगाईराख्न सकेमात्र पहिचान कायम रहने बताए । उनले पोखरामा भएका नेवा खलः, नेवा लूयाम्ह पुचः। नेवा पत्रकार तथा मिसा पुचहरुको सहयोगमा नेवारी समुदायको संस्कृति झल्कने संग्रहालय निर्माण भएकोप्रति खुशी व्यक्त गर्दै जनप्रतिधि भएर संस्कृति जोगाउने विषयमा काम गर्न पाउँदा खुशी लागेको बताए । यस्तै नेवा खलः कास्कीका अध्यक्ष अशोक पालिखे पोखरामा नेवा संस्कार र संस्कृति प्रवर्धन र संरक्षणको लागि युवाहरुलाई पोखरा मै पहिलो पटक धीमे नाचको तालिम दिईएको बताए । उनले नेवा मिसा पुचः कास्कीले लोपोन्मुख अवस्थामा पुगेको पञ्चबुद्ध नाच, कुमारी नाच, चर्या नृत्य तथा धिमे नाचलाई पोखरामा पुनर्जागृत गरेको बताउँदै यस्ता नाचहरुलाई व्यावसायिकरण गर्नुपर्ने बताए । तालिम समापन कार्यक्रममा नेवा मिसा पुचः कास्कीका अध्यक्ष सँगिता बज्राचार्यले तालिममा सहभागी प्रशिक्षक तथा प्रशिक्षार्थीहरुलाई धन्यवाद दिदै निरन्तर अभ्यासमा लागिरहन आग्रह गरिन् । उनले तालिममा धेरै कुरा सिकेपनि पर्याप्त नहुने बताउँदै आफ्ना टोलमा हुने विभिन्न सांस्कृतिक कार्यक्रममा पनि यस्ता बाजागाजा र नृत्य प्रस्तुत गर्नुपर्नेमा जोड दिईन। कार्यक्रममा वडा नं. ३ का जनप्रतिनिधि र सचिवलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

## 'विपद् पूर्वतयारीमा ध्यान दिनुपर्छ'

**पोखरापत्र संवाददाता**
वालिङ, २ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपद्का बेला गण्डकी प्रदेश सरकार जनताको साथमा छ भन्ने प्रत्याभूति गराएको बताउनुभएको छ।

२६औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा आज स्याङ्जाको वालिङमा भएको उद्धार विपद् तथा नमुना अभ्यास कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले प्रदेशका विभिन्न ठाउँमा भएका विपदका समयमा गण्डकी प्रदेश सरकार तत्कालै विपद प्रतिकार्यमा जुटेको जानकारी दिनुभयो । "गण्डकी प्रदेशमा हिमाल, पहाड र तराई तीन फरक -फरक भूगोल छन्" उहाँले भन्नुभयो, "यहाँ विभिन्न किसिमका विपद आउन सक्छन्, विपद् कहाँ कतिबेला आउँछ थाहै हुँदैन त्यसैले विपद् पूर्व र पछिको उद्धार प्रतिकार्यका लागि तयारी अवस्थामा रहनुपर्छ।"विपद् पूर्वको तयारी र विपद्पछिको उद्धार, राहत, क्षतिपूर्ति, पुनःस्थापन लगायतका कार्यका लागि गण्डकी प्रदेश सरकारले रु दश करोड विनियोजन गरेको उहाँले बताउनुभयो।

गण्डकी प्रदेशभित्रका स्थानीय तहलाई पनि विपद् व्यवस्थापनका लागि न्यूनतम रु दश लाख विनियोजन गर्न निर्देशन दिइएको उहाँले बताउनुभयो ।उहाँले गण्डकी प्रदेश सरकारले विपदपछि आइपर्ने उद्धारकार्यका लागि तालिम, प्रशिक्षण, उपकरण खरिदमा सहयोग र सुरक्षाकर्मीको मनोबल बढाउने कार्य गर्दै आएको जानकारी दिनुभयो । काल्पनिक तर समाजले भोग्दै आएका घटनालाई नमुनाको रूपमा प्रस्तुत गरिएको उक्त अभ्यासले समुदायको भूमिका, नागरिकको भूमिका के हुन्छ भन्ने जनचेतना जगाउनका लागि नमुना अभ्यास प्रदर्शन गरिएको सशस्त्र प्रहरी उपरीक्षक सूर्यप्रसाद तिमिल्सिनाले बताउनुभयो। 'स्थानीय स्रोत र प्रविधिको प्रयोग गरौं, भूकम्प थेग्ने संरचना बनाऔं, भन्ने मूल नारासहित गण्डकी प्रदेश सरकारको सहयोग, समन्वय र सहकार्यमा सशस्त्र प्रहरी बल नेपाल नं ४ मुक्तिनाथ बाहिनी मुख्यालयको आयोजनामा वालिङ- ९ स्थित भुम्रेमा बाढीपहिरो, भूक्षय, भूकम्प, आगलागी लगायतका विपद्का समयमा गर्ने विधिको नमुना प्रदर्शन गरिएको थियो।

## हरेक विद्यालयमा एक खेल मैदान हुनै पर्छः सांसद भट्टराई

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ



प्रतिनिधि सभा सदस्य (सांसद) बिद्या भट्टराई (अधिकारी) ले हरेक बिद्यालयमा एक खेल मैदान हुनै पर्ने बताउनु भएको छ।

पोखरा महानगरपालिका वडा न. १५ को वडा स्तरिय दोश्रो बृहत खेलकुद महोत्सवको मंगलबार पोखरामा उद्घाटन गर्दै सांसद भट्टराईले नेपालको तल्लो तहबाट खेलकुदको विकासको लागि हरेक बिद्यालयमा एक खेल मैदान आवश्यक भएको बताउनु भएको हो । शिक्षा ऐन बनाउने क्रममा रहेको बताउदै उहाँले हरेक बिद्यालयमा एक खेल मैदान हुनै पर्ने कानूनि व्यवस्था गर्न लागिएको जनाउनु भयो। खेल मैदानसंगसंगै खेलकुद क्षेत्रलाई प्रोत्साहन गरी खेलाडी उत्पादनमा राज्यले लगानी गर्नु पर्ने सांसद भट्टराइको भनाई छ । जनस्तरको तल्लो सरकार भनेकै वडा भएकोले वडा र पालिकाहरुमा यस्ता प्रकृतिका खेलकुदका गतिविधि निरन्तर हुन आवश्यक भएको बताउदै उहाँले राज्यले खेलकुद क्षेत्रमा प्रयाप्त मात्रमा लगानी गर्न नसकेको जनाउनु भयो । भोलिको दिनमा खेलाडी उत्पादनमा लगानी गर्नु पर्ने सांसद भट्टराइले बताउनु भयो । शहरको निर्माण भई रहदा एक्लीदै जाने अबस्था हुने बताउदै सांसद भट्टराइले यस्ता खेल गतिविधिले एक आपसमा चिनजान र सहकार्य गर्ने राम्रो माध्यम तथा प्रतिभा प्रस्फुटन गर्न सहज हुने उल्लेख गर्नु भयो । देशलाई परिचित गराउने सजिलो माध्य खेलाडी भएको दाबी गर्दै सांसद भट्टराइले खेलाडीको विकासको लागि राज्यले उचित ढंगले लगानी गर्न नसकेको उल्लेख गर्नु भयो । उद्घाटनको अवसरमा साडीमै आमा समुह तथा टोल विकास विकास संस्थाबाट महिलाहरुले मार्च पास गर्नु भएको थियो । उक्त खेलकुद महोत्सवमा एक हजार भन्दा बढी महिला तथा पुरुष खेलाडीहरु सहभागि भएको सदस्य मन्दिरा परियारले बताउनु भयो ।

पोखरा महानगरपालिका वडा न. १५ को वडा स्तरिय दोश्रो बृहत खेलकुद महोत्सव यही माघ ४ गतेसम्म बन बिज्ञान अध्ययन संस्थानको खेल मैदानमा उक्त महोत्सव संचालन हुने भएको पोखरा १५ का वडाध्यक्ष तोरण बहादुर बानियाँले बताउनु भयो । खेलकुद र खेलाडी उत्पादन गर्ने उद्धेश्यले गत बर्ष देखि उक्त प्रतियोगिता आयोजना गर्न लागिएको उहाँले जनाउनु भयो। उक्त प्रतियोगितामा ९ वटा विधामा प्रतिष्प्रर्धा भएको पोखरा १५ का वडा सदस्य तथा खेलकुद कार्यक्रमका संयोजक आशिष भण्डारीले बताउनु भयो ।

टोल बिकास तथा क्लब फुटवलमा १४ टिम, विद्यालय स्तरिय फुटवलमा १० टिम, महिला भलिबलमा ९ टिम, पुरुष भलिबलमा १० टिम, पुरुष सडक दौडमा १६ टिम, रस्साकस्सीमा १२ टिम, व्याडमिन्टन पुरुष (डबल) मा १४ टिम, व्याडमिन्टन पुरुष (डबल) मा ८ टिम सहभागि भएको अध्यक्ष बानियाँले बताउनु भयो। महोत्सवमा पुरुष, महिला, विद्यालय तथा अपाङ्गता भएका व्यक्तिहरु विच फरक फरक इभेण्टहरुमा प्रतिस्पर्धा हुदै छ । पुरुषतर्फ टोल तथा क्लवहरुविच फुटबल, भलिबल, ५० वर्ष माथिकाहरुको सडक दौड, डबल्स ब्याडमिण्टन हुने छ भने, महिलातर्फ भलिबल, रस्साकसी, ४० वर्ष माथिकाहरुको सडक दौड, डबल ब्याडमिण्टन र विद्यालय स्तरिय फुटबल तथा अपाङ्गता भएका व्यक्तिहरु विच बास्केट बल प्रतियोगिता हुने वडा सदस्य तथा खेलकुद कार्यक्रमका संयोजक आशिष भण्डारीले बताउनु भयो।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा महोत्सवमा शान्ति श्री र मेलिना राइ आउने

पोखरापत्र संवाददाता
पोखरा, २ माघ

पोखराको अमरसिंह मैदानमा जारी बाह्रौं संस्करणको पोखरा महोत्सवमा बुधबार चर्चित लोकदोहोरी गायिका शान्ति श्री परियार र गायिका मेलिना राई आउने भएकी छिन।



महोत्सवमा दिउँसोको कार्यक्रममा गायिका शान्ति श्री परियार र साँझको लाइभ ब्याण्ड तर्फ मेलिना राइको प्रस्तुती रहने महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। शान्ति श्री संगै लोकदोहोरी कलाकारहरु जिवन दाहाल, तारापति सुवेदी, चोलेन्द्र पौडेल, शिवहरी ढुंगाना, टेक क्षेत्री, लक्ष्मण सिंह ठकुरी, लिला पौडेल, सरला पाण्डे, सबिना गुरुङ, कमला सुनार लगायतको प्रस्तुती रहने छभने साँझको लाइभ ब्याण्डमा मेलिना राइको प्रस्तुती रहने छ। महोत्सवको छैठौ दिन सम्म आइपुग्दा महोत्सवमा दर्शकको सहभागीता उल्लेख्य रहेको छ। त्यसैगरी कारोबार पनि वढ्दै गइरहेको आयोजकले जनाएको छ। महोत्सवमा मंगलबार रचना रिमालको प्रस्तुतीमा दर्शकहरुले मनोरन्जन लिए। रचना संगै पुरुषोत्तम न्यौपाने, जिवन दाहाल, चोलेन्द्र पौडेल, शिवहरी ढुंगाना, सुमन खड्का, परशुराम अधिकारी, केशव घिमिरे, कृष्ण गुरुङ, माया गुरुङ, दुर्गा क्षेत्री लगायतको प्रस्तुतीमा दर्शकहरुले मनोरन्जन लिएभने साँझको लाइभ ब्याण्डमा श्री ३ को प्रस्तुतीमा युवाहरुले भरपुर मनोरन्जन लिए। महोत्सवमा हिमाली याक अवलोकन, घोड सवार, विभिन्न जातजातिको भेषभूषाको पहिरनमा तस्विर खिचाउने, भिआर नाइन डी, नेपाल टेलिकमको निशुल्क सिम वितरण, कृषि, लत्ताकपडा, घरायसी सामाग्री किन्ने दर्शकको भीड लागेको महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

## जिल्ला ...

सरोकारवाला कार्यालय सडक डिभिजन कार्यालय पोखराका प्रमुख नवराज बास्तोला ,इन्जिनियर र प्राबिधिक सहित अनुगमनमा पुग्नुभएका पौडेलले कुनै एक पक्ष मात्रै कमजोर तवरले लागेमा निर्धारित लक्ष्य पूरा नहुने भन्दै सबै निकाय जिम्मेवारीका साथ लागे मात्रै समृद्धि सम्भब भएको बताउनु भयो। जिल्ला समन्वय समिति कास्कीमा आफ्नो नेतृत्वको समिति आएपछी बिकासमा हुने लापरबाही र जनताका गुनासा सुनेर समन्वय सहजीकरणका लागि गुनासो डेस्क राखिएको भन्दै पौडेलले , कास्कीका बिकास निर्माण र कार्यालयहरूको सेवा प्रबाहमा समेत कहिँ कतै कमजोरी भेटेमा तत्काल आफुहरूलाइ खबर गर्न स्थानीय सरोकारवालाहरू सहित सम्पूर्ण कास्कीबासी महानुभाबहरू लाइ आग्रह समेत गर्नुभयो। बि स २०७५ सालमा सम्झौता भएर तीस महिनामा सक्नु पर्ने उक्त पूलको काम पटक पटक म्याद थप हुँदै पछिल्लो पटक २०८१ असार मसान्तसम्म सम्पन्न गर्ने गरि म्याद थप भएको बताइएको छ।

# टाइगर कप भलिबलमा एपिएफ श्रीलंका आर्मीसंग पराजित, हेल्प नेपालको पहिलो जित

पोखरापत्र संवाददाता
पोखरा, २ माघ

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा जारी 'चौथो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुल्ला क्लब च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिता २०८०' मा महिला तर्फ नेपाल पुलिस क्लब, नेपाल आर्मी तथा पुरुषतर्फ श्रीलंका आर्मी टिम र टिप टप हेल्प नेपालले आ-आफ्नो खेल जितेका छन्।




पोखरा रंगशाला भलिबल प्रशिक्षण केन्द्रमा जारी प्रतियोगितामा महिलातर्फ घरेलु टोली गण्डकी प्रदेश भलिबल संघको महिला भलिबल टोली नेपाल पुलिस क्लब संग सोझो ३-० को सोझो सेटमा पराजित भएको छ।

तीन जना भारतीय खेलाडीसहित मैदानमा उत्रिएको गण्डकी पहिलो दुई सेट नेपाल पुलिस क्लबलाई २५-१० र २५-०९ ले बुझाउन पुग्यो। नेपाल महिला राष्ट्रिय टोलीकी कप्तान अरुणा शाहीको कप्तानीमा मैदानमा उत्रिएको गण्डकी सुरुका दुई सेट लगातार गुमाउँदै तेश्रो सेटमा केही लयमा फर्किने प्रयास गरेको भए पनि अन्ततः २५-१६ ले पुलिसलाई बुझाउन पुग्यो। खेलमा टाइगर अफ दि म्याच नेपाल पुलिसकी उषा भण्डारी बन्न सफल भइन। जित संगै ग्रुप बी अन्तर्गतको पहिलो खेलमा नेपाल पुलिस क्लबले ३ अंक हात पारेको छ। यो संगै नेपाल पुलिस ४ अंकका साथ समुहको शिर्ष स्थानमा रहेको छ। पुलिसले आफ्नो पहिलो खेल एपिएफ क्लब संग ३-१ ले पराजित हुँदै १ अंक हासिल गरेको थियो। समुहमा एपिएफ २ अंकका साथ दोश्रो स्थानमा छ।

यस्तै महिलातर्फको दोश्रो अेलमा त्रिभुवन आर्मीले भारतको हरियाणा टिमलाई ३-२ को सेटमा हराएको छ। प्रतिस्पर्धात्मक खेलमा पहिलो सेटमा आर्मीले २५-२२ ले आफ्नो पक्षमा पार्न सफल भए पनि दोस्रो सेट भने २०-२५ ले गुमायो। आर्मी तेस्रो सेटमा हरियाणासँग १८-२५ ले स्तब्ध बन्यो तर चौथो सेटमा आर्मी खेलमा फर्कदै २५-१७ को जित निकाल्यो भने अन्तिम सेटमा १५-१२ को जित निकाल्दै अन्तिम चारको सम्भावना जिवितै राखेको छ। खेलमा नेपाल आर्मीकी सोफिया पुन म्याच अफ दि टाइगर घोषित भइन्। यता पुरुषतर्फ पोखरामा जारी टाइगरकप भलिबल प्रतियोगिताको समूह 'बी' को खेलमा श्रीलंका आर्मी टिमले बिभागीय क्लब एपिएफलाई ३-१ को सेटमा पराजित गरेको छ। पहिलो पटक नेपाल खेल्न आएको पाहुना टोली श्रीलंका आर्मी टोलीले पहिलो सेट २३-२५ को पछि परेको श्रीलंका आर्मी खेलमा फर्किदै लगातार ३ सेट आफ्नो पक्षमा पार्न सफल भयो। श्रीलंका आर्मीले दोस्रो सेट २५-१९ ले तेस्रो सेट २५-२१ र चौथो सेट २५-१३ ले पुनरगामन गर्दै समुह बि मा ३ अंक हात पारेको छ। खेलमा श्रीलंका आर्मीका खेलाडी सजिथ केनुमारत्ने म्याच अफ दि टाइगर बन्न सफल भए।

पुरुषतर्फ नै तीन जना पाकिस्तानी खेलाडी सम्मिलित टिप टप हेल्प नेपाल स्पोर्टस क्लब र विभागिय टोली त्रिभुवन आर्मी क्लब बिचको खेलमा हेल्प नेपालले ३-१ सेटमा आफ्नो पहिलो खेल जित्दै २ अंक हात पारेको छ। पहिलो दुई सेट २५-१८ र २५-२० ले जितेको हेल्प नेपालले तेश्रो सेटमा नेपाल आर्मी खेलमा पुनरागमन गर्दै २५-२३ ले जित्यो तर चौथो सेट २५-२० ले हेल्प नेपाललाई सुम्पियो। खेलमा टिप टप हेल्प नेपालका माझर अली टाइगर अफ दि म्याच बनेका छन्। लिग कम नक आउटका आधारमा जारी प्रतियोगिताको महिलातर्फ समूह 'ए' मा एपिएफ, गण्डकी र पुलिस रहेका छन्। यस्तै समूह 'बी' मा त्रिभुवन आर्मी, चन्द्रगिरी नगरपालिका न्यु डायमण्ड र हरियाणा टिम भारत रहेका छन्। पुरुषतर्फको समूह 'ए' मा गण्डकी प्रदेश, त्रिभुवन आर्मी र हेल्प नेपाल स्पोर्र्टस क्लब तथा समूह 'बी' मा एपिएफ, नेपाल पुलिस र श्रीलंका आर्मी टिम रहेका छन्।

प्रतियोगितामा महिला तथा पुरुषतर्फ उपाधि बिजेता टिमले ट्रफी, मेडल तथा प्रमाणपत्रसहित समान नगद रु ५ लाख ५५ हजार ५ सय ५५ र उपविजेता टिमले समान नगद रु २ लाख ५५ हजार ५ सय ५५ तथा तेश्रो हुने टिमले १ लाख २५ हजार ५ सय ५५ प्राप्त गर्नेछन्। उत्कृष्ट महिला तथा पुरुष खेलाडीहरुले जनही नगद २५-२५ हजार र अन्य विद्यागत रुपमा उत्कृष्ट हुने खेलाडीहरुले करिब १५-१५ हजार बराबरको गिफ्ट ह्याम्पर प्राप्त गर्ने आयोजकले जनाएको छ। प्रतियोगिता अन्तर्गत बुधबार लिग चरणका खेलहरु जारी रहनेछन्। खेल तालिका अनुसार महिलातर्फ एपिएफ क्लब र गण्डकी प्रदेशका बिच हुने छ भने दोश्रो खेलमा चन्द्रागिरी नगरपालिका न्यू डायमण्ड क्लबले हरियाणा पुलिस क्लबको सामना गर्नेछ। यस्तै पुरुषतर्फ नेपाल पुलिस क्लब र श्रीलंका आर्मी टिमका बिच तथा दोश्रो खेल हेल्प नेपाल स्पोर्टस क्लब र गण्डकी प्रदेश भलिबल संघका बिच हुने टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण प्रसाद शर्माले जनाएका छन्।


लोकदोहोरी तर्फ
शान्ति श्री परियर, जिबन दाहाल,
तारापति सुबेदी, चोलेन्द्र पौडेल, शिवहरी ढुंगाना,
टेक क्षेत्री, लक्ष्मण सिंह ठकुरी, लिला पौडेल, सरला पाण्डे, सबिना गुरुङ,
कमला सुनार
हास्य तर्फ
गुन्द्रुके युनिट(राजेन्द्र गिरी, मिना गिरी र डोर बहादुर खपाङ्गी मगर )
लाइभ ब्याण्ड तर्फ
मेलिना राइ

आयोजक: युनाइटेड क्लब, पोखरा
मुख्य प्रायोजक: BETTER HOME APPLIANCES
प्रायोजकहरू: CTZ, RARA, SIDDHI AUTO PARTS & MOTORCYCLE WORKSHOP
विशेष सहयोगी संस्था
सहयोगी संस्था: अमरसिंह मा.वि.
हस्पिटालिटी पार्टनर: HOTEL TASK
मिडिया पार्टनर: ABC NEWS, FEWA, EVEREST, आदर्शसमाज
अफिसियल बैंक: GREEN DEVELOPMENT BANK LTD
प्रवर्द्धक: NTB NEPAL TOURISM BOARD
अफिसियल इन्टरनेट: WORLDLINK
अफिसियल इन्स्योरेन्स: IGI PRUDENTIAL INSURANCE LIMITED
अफिसियल ड्रिंकिङ वाटर


# शान्ति उदय मा.वि.को ६४ औं वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, २ माघ

पोखरा महानगर पालिका वडा न ३३ भरत पोखरी वर पाण्डे थुम स्थित शान्ति उदय मा. वि.को ६४ औ बार्षिकोत्सव तथा ६५ औं अभिभावक दिवस मंगलबार सम्पन्न भएको छ।




कार्यक्रमको कास्की क्षेत्र न २ बाट निर्बाचित प्रतिनिधि सभा सदस्य बिद्या भट्टराईले उद्धाटन गर्नुभएको थियो। उद्धाटन गर्दै भट्टराईले सामुदायिक बिद्यालयहरूले आफ्नो गुणस्तरीय यता बढाउने कार्यक्रम बनाउनु पर्ने भन्दै त्यसको सम्पूर्ण अधिकार र दायित्व स्थानीय तहमा निहित रहेको बताउनुभयो। भट्टराईले शिक्षा दक्ष जनशक्ति उत्पादनमा केन्द्रित हुनुपर्ने भन्दै स्थानीय तह यसमा विशेष चनाखो हुनुपर्ने बताउनु भयो।

गण्डकी प्रदेश सभा सदस्य भिम बहादुर कार्कीले अन्तर्राष्ट्रिय जगतमा प्रतिष्पर्धी जनशक्ति उत्पादन अहिलेकी चुनौती भएको भन्दै सो योजना बनाउन आग्रह गर्दै आबश्यक नीति निर्माणमा आफुहरू हरहमेशा लागिरहने उल्लेख गर्नुभयो। कार्यक्रममा पोखरा महानगर पालिका शिक्षा महाशाखा प्रमुख हेम प्रसाद आचार्य, नेपाल पर्यटन बोर्डका सदस्य मदन कुमार आचार्य, शिक्षक अभिभावक संघका अध्यक्ष शिबराज आचार्य, प्रधानाध्यापक टेकनारायण गिरि, पूर्ब प्रधानाध्यापक कमल प्रसाद आचार्य, साबिक भरत पोखरी गा.बि.स. पूर्ब अध्यक्ष यज्ञ प्रसाद आचार्य, पूर्ब उपाध्यक्ष मनोहर आचार्य, पूर्ब विद्यार्थी मंचका अध्यक्ष बसन्तराज लम्साल सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो।

सो अवसरमा मेगा बैकको बित्तीय सहयोगमा विद्यालय हातामा नबनिर्मित सरस्वती मन्दिरको प्रमुख अतिथी भट्टराईले उद्धाटन गर्नुभएको थियो।

बार्षिकोत्सब कार्यक्रममा शैक्षिक सहित विभिन्न अतिरिक्त क्रियाकलापमा बिजेता विद्यार्थीहरूलाई पुरष्कृत गरिनुका साथै विभिन्न छात्रवृत्ति समेत प्रदान गरिएको थियो भने विद्यार्थीहरूले विभिन्न सान्स्कृतिक कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। बिधालय ब्यबस्थापन समिति अध्यक्ष ऋषिराज आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सहायक प्रधानाध्यापक राजेन्द्र प्रसाद बस्ताकोटी र संचालन शिक्षक देबराज पौडेलले गर्नुभएको उक्त विद्यालयका शिक्षक बेदनाथ आचार्यले जानकारी दिनुभयो।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# भूकम्पबाट नसिकेको पाठ

माघ २ गते विभिन्न कार्यक्रम आयोजना गरी २६औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइएको छ। भक्तपुरको दत्तात्रेय मन्दिर परिसरमा विद्यार्थीहरूले भूकम्प प्रतिरोधी नमूनाहरू प्रदर्शन गरेका छन्। ठ्याक्कै ९० वर्षअघि १९९० माघ २ गते नेपालमा ठूलो भूकम्प आएको थियो। ८.३ रेक्टर स्केलको उक्त भूकम्पमा परी आठ हजार ५०० जनाको ज्यान गएको थियो। उक्त भूकम्पका कारण काठमाडौं उपत्यकामा मात्रै ७० प्रतिशत घर भत्किएका थिए। सोही घटनाको स्मरणमा हरेक माघ २ गते 'राष्ट्रिय भूकम्प सुरक्षा दिवस' मनाइन्छ। भूकम्पबाट बचन र भूकम्प प्रतिरोधी संरचना कसरी बनाउन सकिन्छ भन्ने चर्चा हुन्छ। २०७२ साल बैशाख १२ गते गोरखाको बारपाक केन्द्र विन्दु भएर ७.८ म्याग्नेच्यूटको भूकम्प जाँदा ८८५७ जनाको मृत्यु र २२ हजार घाइते भए। धैरै संरचना भत्के। भूकम्प पछि पुन निर्माणको काम प्राधिकरण बनाएर गरियो। त्यसबाट शिक्षा लिएर भूकम्पबाट कसरी बच्ने र भूकम्प प्रतिरोधी संरचना कसरी बनाउने कुरा दस्तावेजमा सिमित भए। गत कार्तिक १७ गते जाजरकोटको रामिडाँडा केन्द्रबिन्दु बनाएर ६ दशमलव ४ म्याग्निच्युडको भूकम्प गएको थियो। यो भूकम्पमा परी १५४ जनाको मृत्यु भएको थियो भने ३६६ जना घाइते भएका थिए।

भूकम्पबाट जाजरकोट र रुकुम पश्चिमका झन्डै ९५ हजार ७८७ घर भत्किएका थिए। ३ महिनाअघि गएको भूकम्पबाट झन्डै १ लाख हाराहारी परिवार प्रभावित भए पनि उनीहरूको घर पुनर्निर्माणका लागि सरकारी सहयोग भने अनिश्चित बनेको छ। ३ तहका सरकारबिच छलफल गरेर कार्यविधि बनाउनुपर्ने भएकोले यसका लागि समय लाग्ने बताए। सरकारले कसरी समन्वय गर्छ र नागरिकप्रति कति गैर जिम्मेवार छ भन्ने उदाहरण हो।'पुनर्निर्माण सम्बन्धी कार्यविधि बनेको छैन, यसका लागि समय लाग्छ। कार्यविधि बनेपछि प्रधानमन्त्री अध्यक्ष रहने कार्यकारी परिषद्ले पास गर्नुपर्ने हुन्छ।' अस्थायी आवासका लागि प्रति प्रभावितका लागि सरकारले ५० हजार रुपैयाँ अनुदान दिने भने पनि प्रभावित क्षेत्रमा पर्याप्त बजेट जान सकेको छैन। सरकार जनताको समस्याप्रति संवेदनशील नभएको ज्वलन्त उदाहरण हो। सरकारले अस्थायी आवास निर्माण लगायत भूकम्प प्रभावित क्षेत्रमा काम गर्नका लागि १० अर्ब रुपैयाँ विपद् जोखिम न्यूनीकरण कोषमा निकासा गर्ने निर्णय गरे पनि हालसम्म १ अर्ब मात्र निकासा गरेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणले जनाएको छ। प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले मन्त्रीपरिषद्ले १० अर्ब रुपैयाँ दिने निर्णय गरे पनि हालसम्म १ अर्ब मात्र दिएको र बाँकी रकम विपद् व्यवस्थापन कोषमा त्याउनका लागि दैनिक जसो २ जना सहसचिव अर्थ मन्त्रालय र प्रधानमन्त्री कार्यालय धाउने गरेको बताएका छन्। गत पुस १ गते १ अर्ब रुपैयाँ निकासा भए पनि अरू पैसा निकासा नभएको उनले बताए। सरकारको सुशासन कस्तो छ भन्ने बुझ्न यो पर्याप्त छ। भूकम्पले ९६ हजार हाराहारी घर भत्काए पनि यी मध्ये हाल १० हजार ३०५ अस्थायी आवास निर्माण भइरहेको छ भने २० हजार १४७ वटा निर्माण सम्पन्न भएका छन्।

विपद् व्यवस्थापन प्राधिकरणले हालसम्म २ अर्ब २६ करोड रकम ति जिल्लामा निकासा गरेको छ। जसमध्ये जिल्लाबाट स्थानीय तहमा १ अर्ब ६१ करोड निकासा भएको छ भने स्थानीय तहबाट लाभग्राहीको खातामा १ अर्ब ३ करोड ८१ लाख निकासा भएको छ। पुनर्निर्माण कार्यक्रम अगाडि बढाउनका लागि प्रशासनिक कर्मचारीको अभाव र भएका कर्मचारीले पनि जिम्मेवारी लिन नचाहने, प्राविधिक कर्मचारीहरूको अभाव रहेको प्राधिकरणको भनाइ छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जाजरकोट र रुकुम लगायत पछिल्लो भूकम्पबाट क्षति भएका भौतिक संरचनाको पुर्निर्माण तथा पुनर्स्थापना लगायतका काम गर्न झन्डै ५ सय मिलियन डलर अर्थात् ६६ अर्ब ४० करोड, ५४ लाख लाग्ने पूर्व अनुमान गरिएको छ।

भूकम्पबाट ९५ हजार ७८७ घरमा क्षति पुगेको छ। यी घर पुनर्निर्माणका लागि प्रति घर झन्डै ५ लाख रुपैयाँ अनुदान दिँदा ५२ अर्ब ४२ करोड ७ लाख लाग्ने पूर्व अनुमान गरिएको छ। पुनर्स्थापनाका लागि २८ करोड ९२ लाख रुपैयाँ अनुमान गरिएको छ। यस्तै पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि पूर्वाधार तर्फ २८ करोड ९२ लाख रुपैयाँ अनुमानित गरिएको छ। स्थानीय स्रोत सामग्री प्रयोग थप प्रोत्साहनका लागि २४ करोड ११ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ। यस्तै पुनर्निर्माणसँग सम्बन्धी अन्य विभिन्न विषयमा खर्च हुने प्राधिकरणले पहिचान गरेको छ। स्कुल, स्वास्थ्य संस्था, सरकारी भवन, सडक, पुल, खानेपानी लगायत पुनर्निर्माणका लागि ठुलो धनराशि खर्च हुने अनुमान गरिए पनि पूर्ण लागतको स्रोत सुनिश्चितता भइसकेको छैन। सरकार सत्ता टिकाउने र जसरी हुन्छ राज्यको श्रोत साधन लुट्न तल्लीन रहेको हुँदा भूकम्प पीडितका कुरा भाषणका लागि मात्र भएको छ।

# पर्वतमा विस्तार गरिँदै मकै बाली

**पोखरापत्र संवाददाता**
पर्वत, २ माघ

पर्वतमा उत्पादनको हिसाबले मुख्य बालीका रूपमा रहेको मकैबाली विस्तार गर्न चालु आर्थिक वर्षमा रु ६६ लाख लगानी गरिने भएको छ। कृषि ज्ञान केन्द्र पर्वतले मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजनाका लागि उक्त रकम लगानी गर्ने भएको हो। मकै खेती भइरहेको जिल्लाको करिब ५० हेक्टर क्षेत्रफलमा व्यावसायिक रूपमा मकै बीउ तथा मकै बाली उत्पादनका लागि किसानलाई अनुदानस्वरुप रु ६६ लाख वितरण गर्न थालिएको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ।

कार्यालयका अनुसार मकै बालीको क्षेत्रफल विस्तार तथा उत्पादन प्रवर्द्धनका लागि रु ३० लाख, बीज वृद्धि कार्यक्रमका लागि रु २० लाख, यान्त्रिकीकरण तथा पूर्वाधार निर्माणका लागि रु १० लाख र बजारीकरणका लागि रु छ लाख लगानी गर्ने भएको हो। यसमध्ये ३० हेक्टर क्षेत्रफलमा मकै बाली विस्तार गरिने भएको छभने २० हेक्टर क्षेत्रफलमा मकैको मूल बीउ उत्पादन गरिने वरिष्ठ कृषि विकास अधिकृत परशुराम अधिकारीले जानकारी दिनुभयो। अधिकारीका अनुसार क्षेत्रफल विस्तारका लागि कम्तीमा १० घरपरिवार संलग्न भएको समूह वा सहकारीमार्फत एक सय रोपनी क्षेत्रफलमा खेती गर्नुपर्ने प्रावधान रहेको छ। मकैको मूल बीउ उत्पादनका लागि कम्तीमा १० परिवार संलग्न समूह वा सहकारीमार्फत २० रोपनी क्षेत्रफलमा बीउ उत्पादन गर्नुपर्ने उल्लेख छ। कार्यालयका अनुसार मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना कार्यान्वयन मापदण्ड २०७९ अनुसार बीउमा बढीमा ७५ प्रतिशत, सिँचाइलगायत पूर्वाधार निर्माणमा ९० प्रतिशत, यान्त्रिकीकरणतर्फ बढीमा ७५ प्रतिशत र बजारीकरणतर्फ बढीमा ५० प्रतिशत अनुदान किसानलाई वितरण गरिने भएको छ।

मकै बाली तथा बीउ उत्पादन गर्न चाहने किसानले वडा कार्यालय वा कृषि शाखाको सिफारिस, जग्गाको लालपुर्जा वा करार सम्झौताको प्रतिलिपि, कृषक समूह, सहकारी वा साझेदारी फर्म दर्ता प्रमाणपत्र, पान वा भ्याटको प्रतिलिपि र करचुक्ता प्रमाणपत्र बुझाउनुपर्ने कार्यालयले जारी गरेको सूचनामा उल्लेख गरिएको छ। गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी एकीकृत कार्यविधि २०७७ र मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना कार्यान्वयन मापदण्ड २०७९ मा भएको व्यवस्थाअनुसार कार्यक्रम सञ्चालन गरिने केन्द्र प्रमुख अधिकारीले जानकारी दिनुभयो। पर्वतमा गत वर्ष सञ्चालित उक्त कार्यक्रमअन्तर्गत ६० हेक्टर क्षेत्रफलमा १३० मेट्रिक टन मकै उत्पादन भएको थियो। मकैको बीउ साढे २३ मेट्रिक टन उत्पादन भएको थियो। पर्वतमा कूल १३ हजार नौ सय ४० हेक्टर क्षेत्रफलमा मकै बाली उत्पादन हुँदै आएको छ भने वार्षिक ३३ हजार चार सय ५० मेट्रिक टन उत्पादन हुँदै आएको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ। मकै बालीमा पर्वत आत्मनिर्भर हुनाका साथै वार्षिक १४ हजार मेट्रिक टन मकै निर्यातसमेत हुने गरेको कार्यालयको तथ्याङ्क छ।

# सामुदायिक विद्यालयका विद्यार्थीका परिवारको निःशुल्क स्वास्थ्य बीमा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २ माघ

स्याङ्जाको चापाकोट नगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाका परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्ने भएको छ।

पछिल्लो समय सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै गएकाले अभिभावक र विद्यार्थीलाई आकर्षित गर्न निःशुल्क स्वास्थ्य बीमाको अवधारणा अघि बढाइएको हो।

चापाकोट नगरपालिकाका नगर प्रमुख देवबहादुर खाणले १४औँ नगरसभाले पालिकाभित्रका विभिन्न सामुदायिक विद्यालयमा अध्ययनरत गरिब, अतिविपन्न तथा जेहेन्दार विद्यार्थीका परिवारको निःशुल्क स्वास्थ्य बीमा गरिदिने प्रस्ताव अनुमोदन गरेको जानकारी दिनुभयो। आफ्ना बालबालिकालाई पढाउन बजार जाने वा सुविधा भएका ठूला सहर जाने प्रवृत्तिका कारण पछिल्लो समय गाउँ खाली हुँदै गइरहेकाले पनि यसको रोकथामका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमले भूमिका खेल्ने उहाँको भनाइ छ। "बालबालिकालाई सामुदायिक विद्यालयमा पठाउने अभिभावक वा घरपरिवारको निःशुल्क स्वास्थ्य बीमा गरिदिँदा उपचारमा सहयोग पुग्छ", उहाँले भन्नुभयो, "सामुदायिक विद्यालयप्रति अभिभावक तथा विद्यार्थीको आकर्षण बढ्दै जान्छ।" नगरपालिकाले यसका लागि कार्यविधि बनाएर कार्यान्वयन गर्ने तयारी गरेको छ। उक्त कार्यक्रमले सर्वसाधारणको स्वास्थ्यमा पहुँच पुग्नुका साथै सामुदायिक विद्यालयले प्रदान गर्ने शिक्षालाई गुणस्तरीय बनाउनका लागि पनि पालिकाले आवश्यक नीति, कार्यविधि तथा बजेटको सुनिश्चित गरेको नगर प्रमुख खाणले बताउनुभयो। नगरपालिकाभित्र ४५ सामुदायिक विद्यालयमा अध्ययनरत गरिब, अतिविपन्न तथा जेहेन्दार बालबालिकाका परिवारका सदस्यका लागि न्यूनतम रु तीन हजार पाँच सय बीमाबापतको रकम नगरपालिकाले भुक्तानी गरिदिने भएको छ। उक्त रकमले पाँच जनासम्मको परिवारले एक वर्षको अवधिसम्म रु एकलाख बराबरको उपचार खर्च गर्न पाउने छन्। पाँच जनाभन्दा बढी जनाको सङ्ख्या भए पालिकाले प्रतिव्यक्ति रु सात सय थप गरिदिने भएको छ।

शिक्षा शाखा प्रमुख बन्दना गुरुङका अनुसार चापाकोट नगरपालिकामा माध्यमिक तहका १६, आधारभूत तह (१-८)का पाँच, आधारभूत (१-५) का १४ र आधारभूत (१-३) का १० विद्यालय रहेका छन्। हाल नगरका १० वडामा रहेका ४५ सामुदायिक विद्यालयमा करिब पाँच हजार विद्यार्थी अध्ययनरत रहेका तथ्याङ्क छ।

# संस्कृति संरक्षणमा तनहुँका मगर समुदाय

**पोखरापत्र संवाददाता**
दमौली, २ माघ

तनहुँको व्यास नगरपालिका-३ देउरालीनगर निवासी नन्दु थापा महिलाको भेषमा सजिएर नृत्य गर्दै हुनुहुन्छ। प्रायः महिलाले लगाउने पोसाक लगाएर उहाँ मगर समुदायको कार्यक्रममा नृत्य गर्दै गरेको अवस्थामा भेटिनुहुन्छ।

मगर सुधार समितिमा आबद्ध नन्दु पाउडुरे नृत्यका लागि महिलाको भेषमा सजिनुभएको हो। पुरुष महिला बनेर नाच्ने पाउडुरे मगर समुदायको प्रख्यात नाच हो तर हिजोआज यो नाच लोप हुन थालेकाले संरक्षण गर्नुपर्ने आवश्यकता खड्किएको छ। "लोप हुन लागेको नाच संरक्षण गर्नुपर्छ भनेर आफूहरू लागिपरेका हौँ," उहाँले भन्नुभयो, "पहिला गाउँघरमा पाउडुरे नाच नाचिन्थ्यो तर अहिले त्यस्तो छैन। यो नाच लोप हुँदै गएको महसुस भएको छ। युवा पुस्ताको यसमा आकर्षण नहुँदा वृद्ध भएका मगर समुदायका व्यक्तिहरूले यसलाई संरक्षण गर्नुपरेको छ।" यस नाचका लागि युवाको आकर्षण नभएको मगर सुधार समितिका उपाध्यक्ष इन्द्रबहादुर थापाले बताउनुभयो। उहाँले भन्नुभयो, "संस्कृति लोप हुन दिनुहुन्न भनेर समितिमा आबद्ध व्यक्तिहरूको सहभागितामा हरेक कार्यक्रममा यो नाच देखाउँदै आएका छौँ। यसले संस्कृति संरक्षणमा सहयोग पुगेको विश्वास गरेका छौँ।" विभिन्न जातजातिले फरक तरिकाले नाच्ने यो नाचमा बिजबारे, मारुनी, मादलेलगायत पर्छ। यो नाच पुरुषले गुन्युचोली र गरगहना लगाएर महिलाजस्तै बनेर नाच्ने प्रचलन छ। छेउमा नाच्ने दुई पुरुषलाई मारुनी र बीचमा नाच्नेलाई बिजबारे भन्ने गरिएको मगर समुदायका अगुवाले बताए। पाउडुरे नाच्दा बिजबारेकै भावलाई समातेर मारुनीले आफूलाई प्रस्तुत गर्नुपर्छ। गीत गाउने मुख्य व्यक्तिलाई गुरुवा भन्ने गरिन्छ। गुरुवाले गीत गाउने र लहरै बसेका तीन मादलेलगायतले पनि गीतलाई हो मा हो मिलाउने प्रचलन रहेको अगुवा यामबहादुर आलेले बताउनुभयो। उहाँले भन्नुभयो, "आफ्नो संस्कृति संरक्षणका लागि आफैँ जागरुक हुने हो। मगर समुदाय त्यही अभियानमा सक्रिय छन्।" अगुवा आलेका अनुसार पहिला पहिला सबै गीत मगर भाषामा गाउने गरिए पनि आजभोलि त्यस्तो प्रचलन हट्दै गएको छ। नेपाल मगर सङ्घले आफूले गर्ने कार्यक्रमहरूमा संस्कृति संरक्षणलाई प्राथमिकतामा दिने गरेको छ।

# मायाको चिनो-चोयाको डालीमा भाँगो र गुन्द्रुक

**पोखरापत्र संवाददाता**
बागलुङ, २ माघ

पछिल्लो समय स्थानीयस्तरमा आयोजना गरिने मेला-महोत्सवको आकर्षण स्थानीय उत्पादन नै बन्ने गरेको छ। स्थानीयस्तरमा विभिन्न अवसरमा आयोजना गरिने यस्ता मेला-महोत्सवमा सहरबजारका सामग्री राख्ने विगतको परम्परा अहिले आएर भने परिवर्तन भएको हो।

गत महिना बागलुङबजारमा आयोजना गरिएको बागलुङ महोत्सवमा पनि यहाँका स्थानीयका साथै महोत्सवमा किनमेल गर्न अन्य जिल्लाबाट आएका नागरिक पनि यहाँको स्थानीय उत्पादनको खरिद गर्न भुम्मिएका थिए। त्यस महोत्सवको प्रमुख आकर्षण बनेको थियो, सिस्नोको पाउडर, बाँकोको गुन्द्रुक, भाँगो र जिल्लाको उत्पादन कालो भटमास। उता राष्ट्रपति रामचन्द्र पौडेलले महोत्सवको उद्घाटन गरिरहँदा यता भने मेलाका सहभागी स्थानीय उत्पादन राखिएका 'स्टल' मा भुम्मिएका देखिन्थे।

यस्तै भएको छ सोमबारबाट सुरु भएको तेस्रो जैमिनी महोत्सवमा पनि। जिल्लाको दक्षिणी भेगमा अवस्थित जैमिनी नगरपालिकाको मुकाम कुश्मीशेराबजारमा सहारा क्लब कुश्मीशेराले आयोजना गरेको महोत्सवमा पनि यहाँका स्थानीय एवं महोत्सव हेर्न र किनमेल गर्न अन्य जिल्लाबाट आएका नागरिकको आँखामा स्थानीय उत्पादन नै परेको छ। यही मेसोमा महोत्सवको उद्घाटनका लागि आएका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डेलाई पनि आयोजकले यही कोसेली दिएका छन्। महोत्सवको उद्घाटन कार्यक्रम सकिएपछि अतिथिहरूलाई मायाको चिनो दिने त यहाँको प्रचलन नै हो। सोही बमोजिम मुख्यमन्त्री पाण्डेलाई पनि आयोजकले एक डाली चिनो दिएका थिए। डाली थियो स्थानीय बाँसको चोयाले बुनेको र त्यसमा राखिएको कोसेली थियो, भाँगो, भटमास, बाँकोको गुन्द्रुक, सिस्नोको धुलो र आलुको चिप्स। जब उहाँलाई उपलब्ध गराइएको सो चिनोको जानकारी उद्घोषकले गराए, त्यसपछि मेलाका सहभागी र स्थानीयले बरर ताली बजाए। उनीहरू भन्दै थिए "मुख्यमन्त्रीज्यू, यो मायाको चिनो हाम्रा स्थानीय उत्पादन हुन्।" यहाँले हाम्रा यी उत्पादनलाई गण्डकी प्रदेशमा मात्र होइन देशव्यापी रूपमा चिनाउनुपर्छ र यिनको उत्पादनलाई प्रवर्द्धन गर्नुपर्छ। स्थानीय उत्पादनका विषयमा मुख्यमन्त्रीलाई जानकारी गराउने, प्रचार गर्ने र ध्यानाकर्षण गराउने काम आयोजकले एकैपटक गरे। जैमिनीका किसान आफैँले उत्पादन गरेका यी खाद्यवस्तु मुख्यमन्त्रीले मायाको चिनोका रूपमा मात्रै ग्रहण गर्नुभएन, यी उत्पादन बढाउने र बजारीकरण गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो। मायाको चिनो प्रदान गर्दै जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मीले भन्नुभयो, "यो कोसेलीमार्फत मुख्यमन्त्रीलाई हाम्रो उत्पादनको चिनारी दिएका हौँ। यसले हाम्रा उत्पादनहरू उहाँको रुचि जागोस् भन्ने हाम्रो उद्देश्य हो। नीति बनाउँदा, बजेट बनाउँदा हाम्रा उत्पादनले उहाँलाई झझल्काउँछन् भन्ने हामीलाई विश्वास छ। यो हाम्रा उत्पादनको प्रचार गर्ने नयाँ शैली पनि हो र मायाको चिनो दिँदा काम लाग्ने चीज दिउँ भन्ने सन्देश पनि हो।" डाली हातमा लिएपछि मुख्यमन्त्रीको हाउभाउ हेर्दा लाग्थ्यो-मायाको चिनो भनेपछि कुनै आयातित सामग्री वा सजावटको सामग्री होला भन्ने उहाँले ठान्नुभएको थियो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सत्कार मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाव |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः २०१६/०९/२२ गते

स्वर्गारोहणः २०८०/०९/२० गते

**स्व. अमर बहादुर राना**

यस इच्छाशक्ति अटोमोवाइल प्रा.लि. लामाचौर शाखाका प्रमुख संगिता रानाका पुजनीय पिता अमर बहादुर राना को ६४ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**इच्छाशक्ति अटोमोवाइल प्रा. लि. परिवार**
**पोखरा-९, नयाँबजार**

# मिस तामाङका प्रतियोगीलाई साइबर सेक्युरिटी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ

मिस तामाङ पोखराका सहभागीहरुलाई साइबर सेक्युरिटी सम्बन्धी तालिम प्रदान गरिएको छ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता प्रहरी नायव उपरिक्षक श्रवण कुमार बिकले सहभागीहरुलाई डिजिटल माध्यमको उपयोगिता र सजगता बारे प्रशिक्षण दिनुभएको हो । उहाँले साइबर अपराध के हो, कसरी हुन्छ र यसवारे बनेका विद्यमान कानुन के छन् भन्ने विषयमा प्रकाश पार्नुभएको थियो । उहाँले सामाजिक सञ्जाल तथा इन्टरनेटको दुरुपयोग गरी आफ्नो स्वार्थ पूर्ति गर्नेहरुको विगविगि केही बर्षयता ह्वात्तै बढेको जनाउदै युवापुस्ता अझ बढि सजग बन्नुपने बताउनुभयो। पछिल्लो समय जिल्ला प्रहरी कार्यालय कास्कीमा पनि साइबर अपराधसंग सम्बन्धि घटनाहरु बढेको जानकारी दिँदै सामाजिक सञ्जालमा देखिएका सबै विषयमा विश्वास नगर्न आग्रह गर्नुभयो । डिजिटल माध्यम, सामाजिक सञ्जालको प्रयोग गरि ठगि तथा अपराध, धम्की तथा ब्लाकमेलिङ्गका घटनाहरु बढिरहेकाले सजगता अपनाउन पर्नेमा जोड दिनुभयो। ४५ दिन लामो तालिमका लागि बिभिन्न क्षेत्रका विज्ञहरुले सहजीकरण गरेका छन् । अहिले सम्म रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जका स्टेशन म्यानेजर सन्जय मल्ल, पोखरेली युवा साँस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेल,



नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, गण्डकी प्रदेशका पूर्व सदस्य एवम सौन्दर्यविद मिना गुरुङ्ग, नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष दीपेन्द्र श्रेष्ठ, नोभेल एकेडेमीका अध्यक्ष विश्वेश्वर आचार्य, नेपाल तामाङ्ग घेदुङ्ग का उपाध्यक्ष दीपक वाइवा तामाङ्ग, नेपाल जेसिसका पुर्व अध्यक्ष राजु केसी, चलचित्र निर्देशक तथा सञ्चारकर्मी दिनेश डिसी, नेपाल तामाङ्ग घेदुङ्गका पूर्व अध्यक्ष धनप्रसाद तामाङ्ग, खोजराज गोले लगायतले तालिम प्रदान गरेको कार्यक्रम संयोजक प्रिती तामाङले जानकारी दिनुभयो । तालिमका दौरान सहभागीहरुलाई सार्वजनिक भाषण कला, व्यक्तित्व विकास, साइबर सेक्युरिटी, करियर व्यवस्थापन, तामाङ भाषा, संस्कार, सभ्यता तथा रहनसहनका बारेमा तालिम प्रदान गरिएको आयोजक बैदाम तामाङ सेवा समाजका अध्यक्ष ज्याक तामाङले जानकारी दिनुभयो। बैदाम तामाङ सेवा समाज कास्कीले हरेक वर्ष ल्होसारको अवसरमा मिस तामाङ पोखरा तथा ल्होसार म्युजिकल फेष्टिभल गर्दै आएको छ। यस वर्ष समाजले मिस तामाङ पोखराको आठौं संस्करण आगामी माघ २० गते गर्दैछ। प्रतियोगितामा देशभरबाट १० जना तामाङ समुदायका युवतीहरुको सहभागिता रहेको छ । सहभागीहरुमा मनिका लामा तामाङ, रिमाया तामाङ, दिक्षा लामा, सुनामी तामाङ, टिसिरिङ तामाङ, अर्पना तामाङ, रोशिला तामाङ, याङजी तामाङ, र बर्षा लामा तामाङ रहेका छन् । मिस तामाङ पोखरा २०२४ की बिजेताले नगद १ लाख ताज, ट्रफी, प्रमाणपत्र तथा आकर्षक गिफ्ट ह्याम्परहरु प्रदान जित्ने छ। फस्ट रनर अपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ५० हजार रुपैयाँ हजार प्राप्त गर्नेछ । त्यस्तै सेकेण्ड रनर अपले ताज, ट्रफी, प्रमाणपत्र सहित नगद ३० हजार रुपैयाँ हात पार्नेछन्। भिवर्स च्वाइसका रुपमा एकजना प्रतिस्पर्धीलाई नगद २० हजार पुरस्कार प्राप्त गर्ने समाजका अध्यक्ष ज्याक तामाङले बताउनुभयो।

# बेगनासतालको होटल मकाउले दिन्छ पुनः आउने पर्यटकलाई छुट

**पोखरापत्र संवाददाता**
पोखरा, २ माघ

शुन्दर नगरी पोखराको बेगनासताल क्षेत्रमा केही समय देखि संचालनमा आएको होटल मकाउले पुन आउने पर्यटक( आगन्तुक) लाई बिषेश छुट दिने भएको छ । उक्त होटलमा पुनः आउने पर्यटकलाई होटलले न्यूनतम १० प्रतिशत छुटको व्यबस्था गरिएको होटल संचालक रामप्रसाद गुरुङ ( किसान) ले बताउनु भयो।

स्तर अनुसार २ हजार ५ सय देखि ७ हजार मुल्य सम्मका रूमहरू होटलमा रहेका छन भने होटलले नयाँ बर्ष, दशै, तिहार लगायतका विशेष अवसरमा पर्यटकहरुलाई १५ प्रतिशतसम्म छुट दिने गरेको छ त्यस्तै जन्मदिन बिशेष र म्यारिज एनिभर्सरी बिशेष रहेका आगन्तुक पाहुनाको लागि होटलले निःशुल्क केक उपहार प्रदान गर्दै आएको छ। ग्राहकको सेवा, सुरक्षा र सन्तुष्टी नै पहिलो लक्ष्य राखेर सञ्चालनमा रहेको मकाउले विदेशी सहित नेपालका चर्चित कलाकार, गायक, गायिका, सफल व्यवसायी, नेता लगायतका विशिष्ट व्यक्तिहरूलाई समेत आतिथ्यता प्रदान गरिसकेको छ । पृथ्वी राजमार्गको नजिकै तालचोकबाट बेगनासतालतर्फ आउने क्रममा बाटोमा पर्ने मकाउ यस क्षेत्रमा




पर्यटकको रोजाईमा पर्ने किसानले अपेक्षा गर्नु भएको छ। होटलमा डिलक्स, सुपरडिलक्स र एक्ज्युकेटिभ स्विट गरी २६ वटा रुम छन् । देशको विसम परिस्थितीमा कोभिडबाट प्रभावि भएको अबस्थामा लगानी भई विगत दुई अघि देखि संचालनमा आएको उक्त होटलले आगन्तुक पाहुनालाई हालसम्म पुनः आउने गरी आतिथ्यता दिएको संचालक किसानले बताउनु भयो । सात तालको बाटिका शहर लेखनाथ क्षेत्रको पर्यटन प्रबर्द्धन गर्न किसानको एकल लगानीमा संचालन आएको हो। उर्जाशिल उमेरमा चाईवान, कोरिया र हङकङमा बसेर प्राप्त गरेको ज्ञान, सिपको साथै आर्जन गरेको केही पैसा समेत उक्त होटलमा लगानी गर्नु भएको हो । श्रीमती पानकुमारी गुरुङको साथमा किसानले करिब १२ करोडको लागनीमा उक्त होटल संचालन गरेसंगै स्थानिय १२ जनालाई रोजगारको अवसर समेत दिनु भएको छ । करीब तिन रोपनी क्षेत्रफलमा संचालन भएको होटलमा होटलमा आर्कषक रेष्टुरेन्ट र बारको पनि व्यवस्था गरिएको छ भने ग्राहकहरूको अर्डर अनुसारका स्वादिष्ट, फ्रेस र ताजा खाना, खाजा र ग्रिल फिसको समेत व्यवस्था गरिएको छ । लेखनाथको बेगनासताल, रूपाताल क्षेत्रमा आउने पर्यटकहरूलाई लक्षित गरी २६ वटा रुम संचालनमा ल्याईएको मकाउ पोखरा महानगर पालिका वडा नं ३१ बेगनास ताल नजिकै नहरचोकमा रहेको छ। होटलका सबै कोठामा चिसोतातोपानी, सहितका डिलक्स, सुपर डिलक्स, कोरियन, बाथटप र ज्याकुजी सहितको सुविधा रहेको किसानले दाबी गर्नु भयो। पोखरा क्षेत्रमा भएका पर्यटकीय स्तरका होटलको भन्दा कुनै कमी नहुने गरी सेवा सुविधा उपलब्ध गराएको किसानले दाबी गर्नु भयो। ग्राउण्डफ्लोर रेष्टुरेन्ट एण्ड बार तथा रुफटपमा ओपन स्काई रेष्टुरेन्ट एण्ड बारको सुविधा रहेको होटलबाट हिमश्रृखला, बेगनास ताल र वरपरको दृश्यावलोकन गर्न सकिने जनरल म्यानेजर विरेन्द्र पौडेलले बताउनु भयो । अधिकांश रुमबाटै हिमश्रृखला अवलोकन गर्न सकिने उहाँले बताउनु भयो।

होटलमा आगन्तुक पाहुनालाई नेपाली टिपिकल खानाको साथमा नेपाली, इण्डियन, चाइनिज र कन्टिनेन्टल खानाको स्वाद पर्यटकले लिन पाउनेछन् । धेरै साथीहरुले पोखराको लेकसाइड क्षेत्रमा लगानी गर्न सुझाव दिदादिदै आफुले आफ्नो गाँउ ठाँउको पहिचान सहित आफ्नै क्षेत्रमा केही गरौं भनेर विदेशमा कमाएको कमाई बेगनासमा लगानी गरेको किसानले जनाउनु भयो । दुई बर्षको प्रारम्भिक चरणमा आफ्नो पेशा प्रति सन्तुष्टि रहेको उहाँले सुनाउनु भयो।

लेखनाथ उद्योग बाणिज्य संघको सदस्य समेत रहनु भएको किसानले सामाजिक क्षेत्रमा केही न केही गर्ने योजना समेत रहेको उल्लेख गर्नु भयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७ कालीमाटीमा सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः कालीमाटी भित्री बाटो सडक निर्माण
ठेगानाः पोखरा-२७, कालीमाटी
योजना सम्झौता मितिः २०८०/०८/१७ गते
योजना शुरु मितिः २०८०/०८/१८ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/०९/२९ गते
योजनाको कुल लागतः रु. २३,५४,४३१।८७
महानगरपालिकाबाटः रु. २०,००,०००/-
जनसहभागिताबाटः रु.३,५४,४३१।८७
अध्यक्षः झम्कनाथ आचार्य सम्पर्क नं.: ९८४६३२०५३०
सचिवः सविना सुवेदी, कोषाध्यक्षः अर्जुन आचार्य
निर्माण समिति सदस्य संख्याः ७
महिलाः २, पुरुषः ५

**कालीमाटी भित्री बाटो सडक निर्माण उपभोक्ता समिति**
**पोखरा-२७, कालीमाटी**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण


पोखरा महानगरपालिका वडा नं. १६ स्थित अर्मलामा सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः रयाले भित्री सडक निर्माण योजना
ठेगानाः पोखरा-१६, अर्मला
योजना सम्झौता मितिः २०८०/०८/२४ गते
योजना शुरु मितिः २०८०/०९/०१ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. ५,५५,७२६।५४
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु.५५,७२६।५४
अध्यक्षः कृष्ण बहादुर थापा मगर
सम्पर्क नं.: ९८४६२२२७३०

**रयाले भित्री सडक निर्माण योजना उपभोक्ता समिति**
**पोखरा-१६, अर्मला**


**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. १९९७/११/१४ गते**

**स्वर्गारोहणः**
**वि. स. २०८०/०९/२० गते**

## स्वः छविलाल दुंगाना

वालिङ नगरपालिका-१ त्रियासी निवासी हामी सबैका अभिभावक जेष्ठ नागरिक समाजसेवी हाम्रा प्रात स्मरणीय आदरणीय बाबा/हजुरबाबा **छविलाल दुंगाना** को ८३ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**छोरा/बुहारीः**
**ध्रुव/गिता दुंगाना**
**कृष्णप्रसाद/गिता दुंगाना**
**अमृत दुंगाना**

**छोरी/ज्वाइँः**
**चन्द्रकला/भुपराज शर्मा**
**मुना/ विष्णुप्रसाद पौडेल**

**नातिनी/ज्वाइँः**
**शान्ति दुंगाना/सुलभ सुवेदी**
**जानु दुंगाना/ कुमार सापकोटा**

**नातिः**
**आर्य दुंगाना**
**सशांक शर्मा**

**नातिनीः**
**रक्षा दुंगाना, रश्मी दुंगाना**
**आयुषी दुंगाना, सृष्टि दुंगाना**
**दृष्टि दुंगाना, सन्ध्या शर्मा**
**सजिना शर्मा**

**एवम् दुंगाना परिवार**